नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(कर्मचारी प्रशासन शाखा)

Visit Nepal 2020 Lifetime Experiences

प.सं. : क.प्र.९/२०७६/०७७ च.नं. ८५

बबरमहल, काठमाण्डौं ।

मितिः-२०७६/०५/१५

विषयः परिपत्र सम्बन्धमा ।

श्री भूमिसुधार तथा मालपोत कार्यालय,सबै ।
श्री मालपोत कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.२०७६/०७७/१/१/६ च.नं. २४४ मिति २०७६/०५/९ को पत्रबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७६/७७ मित २०७६/०५/०३ को पत्र संलग्न छ व्यहोरा सोही पत्रबाट अवगत गर्नु भै GRIPS Master/ph.D अध्ययन/ छात्रवृत्तिमा अध्ययन गर्न चाहाने इच्छुक कर्मचारीलाई मनोनयन गरी यस मन्त्रालयमा पठाउनु भनी लेखी आएकोमा त्यहाँ कार्यालयमा कोही तोकिए बमोजिमको इच्छुक कर्मचारी भए सो - को नामावली पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(श्याम न्यौपाने)
शाखा अधिकृत

बोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरवार।
श्री IT शाखा Website मा राखिदिनुहुन

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.त.वि.शा. २०७६/२०७७

चलानी संख्याः ७७
मितिः- २०७६।०५।०३

विषयः- GRIPS Masters/Ph.D. अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा ।

श्री सवै निकाय ।

तपसिल अनुसारको अध्ययन/छात्रवृत्ति कार्यक्रममा सवै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७६/०५/०३ मा बसेको बैठकबाट निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि मनोनित कर्मचारीको नाम, सम्पर्क नं र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

| क्र सं | अध्ययन/तालीम/ सेमिनारको विषय | सिट संख्या | अध्ययन, तालिमको अवधि/ फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | "Master's Programs" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials , www.grips.ac.jp/en/admissions/index/ email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |
| 2 | "5-Years Ph.D Programs" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ • email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |
| 3 | "3- Years Ph.D Program" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ • email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |

संलग्नः आयोजकवाट प्राप्त ब्रोसरहरु ।

(किरण थापा)
शाखा अधिकृत

बोधार्थ
श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।